# सरकारी वकील तथा सरकारी वकीलको कार्यालयमा कार्यरत कर्मचारीहरुको

# आचारसंहिता, २०७५

**प्रस्तावना**

सरकारी वकीलतथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको पदीय वा पेशागत आचरण र व्यवहार सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यता तथा सिद्धान्त एवं विद्यमान राष्ट्रिय कानुन, प्रचलन, व्यवहार र न्यायिक संस्कृतिका विभिन्न पक्षलाई समेत समेटी सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीको सेवालाई छिटोछरितो, स्वच्छ, निष्पक्ष, पारदर्शी एवं वस्तुनिष्ठ रुपमा सम्पादन गर्दै सेवालाई अझबढि व्यावसायिक, मर्यादित, अनुशासित र विश्वासिलो बनाउन बाञ्छनीय भएकाले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ङ) बमोजिम महान्यायाधिवक्ताबाट यो आचार संहिता बनाई जारी गरिएको छ ।

## परिच्छेद–एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१. यो संहिताको नाम "सरकारी वकील तथा सरकारी वकील कार्यालयका कर्मचारीहरुको आचारसंहिता, २०७५" रहेको छ ।

१.२. यो आचारसंहिता महान्यायाधिवक्ताबाट जारी भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,–

२.१. **"आचार संहिता"** भन्नाले सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको आचार संहिता, २०७५ लाई जनाउँनेछ ।

२.२ **"सरकारी वकील"** भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्तालाई सम्झनु पर्छ र सो शब्दले महान्यायाधिवक्ताले सरकारी वकील भई काम गर्न तोकेको सरकारी वकील सेवा/समूहको कुनै अधिकृत स्तरको कर्मचारी समेतलाई जनाउँछ ।

Office of the Attorney General, Nepal

२.३ **"सरकारी वकील कार्यालय"** भन्नाले महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयलाई सम्झनु पर्छ र सो वाक्यांशले अदालतको संरचना अनुसार नेपाल सरकारको तर्फवाट प्रतिनिधित्व तथा प्रतिरक्षा गर्न नेपाल सरकाले स्थापना गरेको अन्य सरकारी वकील कार्यालयलाई समेत जनाउँछ ।

२.४ **"कर्मचारी"** भन्नाले सरकारी वकील कार्यालयमा कार्यरत सबै श्रेणीका कर्मचारीलाई सम्झनु पर्दछ र सो शब्दले सरकारी वकीलको कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीका साथै इन्टर्नको रुपमा कार्यरत व्यक्तिलाई समेत जनाउँछ ।

२.५ **"परिवारको सदस्य"** भन्नाले सरकारी वकील तथा सरकारी वकीलको कार्यालयमा कार्यरत कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले निजको बाजे, बज्यै तथा सासू, ससुरा तथा एउटै निवासमा सँगै बस्ने अन्य नातेदार, घरमा राखेको कामदार, सहयोगी समेतलाई जनाउँनेछ ।

२.६ **"आचरण"** भन्नाले सरकारी वकीलबाट पालन गर्नुपर्ने व्यवहार, बानी व्यहोरा, चालचलन वा चरित्र समेत सम्झनु पर्दछ ।

## ३. आचार संहिता पालना गर्नुपर्नेः

३.१ यस आचार संहिताको पालना गर्नु प्रत्येक सरकारी वकील तथा कर्मचारीको कर्तव्य हुनेछ।

३.२ यस आचारसंहितामा उल्लेखित आचारणको उल्लङ्घन गर्ने सरकारी वकील वा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

Office of the Attorney General, Nepal

## परिच्छेद –दुई

## सरकारी वकील तथा कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता

**४. पदीय र पेशागत आचरणः** संविधान तथा प्रचलित कानूनको अधिनमा रही सरकारी वकील तथा कर्मचारीले देहाय बमोजिम पदीय र पेशागत आचरण पालन गर्नुपर्नेछः

४.१ नेपालको संविधान, प्रचलित नेपाल कानुन, नेपाल पक्ष रहेका अन्तरराष्ट्रिय महासन्धिमा भएका प्रावधानहरू र त्यसमा अन्तरनिहित मानव अधिकार तथा अन्तरराष्ट्रिय मानवीय कानुनका सिद्धान्त तथा मूल्य मान्यताप्रति प्रतिबद्ध रही मानवीय मर्यादाको सम्मान र संरक्षण गर्दै आफ्नो कार्य सम्पादन गर्नुपर्छ

४.२ संवैधानिक सर्वोच्चता, कानुनी राज्यको अवधारणा र न्यायका मान्य सिद्धान्तको पालना गर्दै आफ्नो ज्ञान, सीप र विवेकको प्रयोग गरी कार्य सम्पादन गर्नुपर्छ ।

४.३ सार्वजनिक हित एवं स्वार्थ र सरकारी वकील कार्यालयको मर्यादालाई सर्वोपरी राखी आफूलाई सुम्पिएको जिम्मेवारी स्वतन्त्र, निष्पक्ष, इमान्दार र उत्तरदायी भई पूरा गर्नुपर्छ ।

४.४ तोकिएको समयमा कार्यालयमा उपस्थित भई अनिवार्य रुपमा हाजिर गर्नु पर्दछ । कार्यालय समयमा आफ्नो नितान्त व्यक्तिगत कार्य गर्नु हुदैन ।

तर, कार्यालयको काममा बाधा नपर्ने गरी कार्यालय प्रमुख / विभागिय प्रमुखको स्वीकृति लिई सार्वजनिक क्षेत्रका तालिम, प्रशिक्षण दिने वा आफ्नो पेशा वा कार्यसंग सम्वन्धित विषयमा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा प्रशिक्षण दिन वा सहजिकरण गर्न बाधा पर्ने छैन ।

४.५ आफूले सम्पादन गर्नुपर्ने काम तदारूकताका साथ  सम्पन्न गर्नु पर्दछ । आफुले गर्नुपर्ने काम अरुलाई पन्छाई कर्तव्य पालनावाट पछि हट्नु हुदैन भने आफ्नो आधिकार नभएको कामपनि गर्नु हुदैन ।

४.६ आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै अवाञ्छनीय प्रभाव पार्न हुँदैन र पदीय मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

४.७ आफ्नो पद र पदीय मर्यादा कायम राखी सदैव अनुशासनमा बस्नुपर्नेछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार गर्नुपर्छ ।

४.८ आफ्नो पेशा प्रति सदैव मर्यादा एवं सम्मान राख्नुपर्छ ।

Office of the Attorney General, Nepal

४.९ पेशागत नैतिकता एवं मुलुकको कानुन बमोजिम सदैव पेशागत आचरण पालना गर्नु पर्छ ।

४.१० पूर्व स्वीकृति नलिई विदामा वस्न वा काजमा जान हुदैन । विदामा वस्दा समेत कार्यालयको काममा वाधा नपर्ने गरी अन्य सहकर्मीसँग सल्लाह गर्नु पर्दछ ।

४.११ सरकारी वकीलले सदैव अपराध पीडित तथा साक्षी संरक्षण, अभियुक्त र अन्य नागरिकको व्यक्तिगत स्वतन्त्रताको सुरक्षा र सम्मान गर्नुपर्छ ।

४.१२ नेपाल सरकार वादी हुने मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसकाउचित आधार र कारण खुलाउनु पर्छ ।

४.१३ आफूले सम्पादन गर्ने कार्य पीडित मैत्री एवं जनविश्वास प्राप्त बनाउन कार्यसम्पादन उच्च व्यावसायिक र विशेषज्ञतासहित स्वच्छ, तर्कसंगत, सद्विवेक र न्यायोचित आधारमा हुनुपर्छ।

४.१४ सरकारी वकील इजलास समक्ष शिष्टतापूर्वक प्रस्तुत हुनु पर्छ । अदालतमा उपस्थित हुँदा अदालतका कर्मचारी, अभियुक्त, पीडित र विपक्षी कानुन व्यवसायीसँग उचित र सम्मानजनक व्यवहार गर्नुपर्छ ।

४.१५ नेपाल सरकारको हकहित प्रतिकूल हुने गरी मुद्दामा बहस पैरबी लगायत कुनै पनि कार्य गर्नु हुँदैन । सदैव कानुन र न्यायको पक्षमा बहस, पैरबी र प्रतिरक्षा गर्नु पर्छ । विवादका दुवै पक्ष सरकारी निकाय रहेछन् भने जसमा राज्यको बढी सरोकार र सार्वजनिक हित निहित रहेको छ सोही पक्षको तर्फबाट बहस र प्रतिरक्षा गर्नु पर्छ । विपक्षी बनाइएका दुई वा सो भन्दा बढी सरकारी निकायका लिखित जवाफहरूको ब्यहोरा फरक फरक रहेछ भने जुन कुरामा राज्यको हित हुन्छ वा जुन कुरा न्यायोचित छ सोही पक्षमा बहस पैरबी गर्नुपर्छ ।

४.१६ आफूले सम्पादन गर्नुपर्ने कुनै कार्यका सम्बन्धमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो विषयमा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएमा सरकारी वकीलले सो कुराको जानकारी आफू भन्दा माथिल्लो तहको सरकारी वकीललाई गराई निर्णय वा प्रतिरक्षामा भाग लिनु हुँदैन । यस्तो जानकारी गराउँदा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालेमुद्दाव्यवस्थापन विभागको नायब महान्यायाधिवक्तालाई र नायब महान्यायाधिवक्ताले महान्यायाधिवक्तालाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफू अलग रहनुपर्छ ।

Office of the Attorney General, Nepal

४.१७ सरकारी वकीलसँग सम्बन्धित हरेक काम कारबाहीमा सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका बीच द्वन्द्व उत्पन्न हुने स्थिति भएमा सार्वजनिक स्वार्थका पक्षमा उभिनुपर्छ ।

४.१८ कसैलाई पनि जानी जानी गैर कानुनी कार्यका लागि प्रोत्साहन गर्न गराउन हुँदैन ।

४.१९ कार्य सम्पादनको क्रममा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको यातना दिन र त्यस्तो यातनाजन्य कार्यलाई प्रोत्साहन दिनुहुँदैन ।

४.२० विशेष प्रकृतिका मुद्दामा कानून बमोजिम पक्षको परिचयात्मक विवरण गोप्य राख्न लगाउनु का साथै कानूनी अख्तियारीबेगर आफूलाई जानकारी हुन आएको पक्षको वास्तविक परिचयात्मक विवरण कुनै पनि बहानामा प्रकाशमा ल्याउनुहुदैन ।

४.२१ कार्यालय परिसरभित्र चुरोट वा सुर्तिजन्य पदार्थको सेवन गर्नु हुदैन ।

**५. स्वतन्त्रता सम्बन्धी आचरणः** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम स्वतन्त्रता सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

५.१ अभियोजनात्मक कार्य तथा अन्य कार्य गर्दा तथ्यको निरूपण र कानुनको प्रयोग सही र स्वतन्त्र रूपमा गर्नु पर्छ । कर्तव्यको पालना गर्दा कसैप्रति झुकाव, मोलाहिजा वा वदनियत नराखी, आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव, दवाब, भनसुन, डर, धम्की वा आग्रहबाट प्रेरित वा प्रभावित नभई अविचलित रूपमा उचित समयमा स्वतन्त्रतापूर्वक गर्नुपर्छ ।

५.२ सामाजिक सम्बन्ध कायम गर्दा आफ्नो कार्य सम्पादनमा प्रभाव नपरोस् भन्ने कुरामा ध्यान दिनु पर्छ । सामाजिक सम्बन्धको कारणले सरकारी वकीलको कार्य सम्पादनमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले गर्नुपर्ने कार्यसँग सम्बन्धित व्यक्तिहरूबाट पर्न सक्ने प्रभावबाट स्वतन्त्र रहनु पर्दछ ।

५.३ सरकारी वकील कार्यालयको लागि आवश्यक भै पूर्व अख्तियारी वा विभागीय सहमति प्राप्त भएको अवस्था बाहेक विना विदेशी राष्ट्र, संस्था वा स्वदेशी वा विदेशी गैरसरकारी संस्थासँग कुनै पनि प्रकारको सहयोग आदानप्रदान गर्न, सहकार्य वा निमन्त्रणा ग्रहण गर्नु हुँदैन ।

५.४ कार्य सम्पादनको सिलसिलामा प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने विषय तथा आवश्यक हदसम्म अभियोजनात्मक र व्यावसायिक गोपनीयता कायम राख्नुपर्छ ।

Office of the Attorney General, Nepal

५.५ सरकारी वकीलको व्यावसायिक, संस्थागत एवं कार्यगत स्वतन्त्रता कायम राख्न र अभिवृद्धि गर्न हरसंभव प्रयास गर्नु पर्छ । प्राप्त भएको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको दुरूपयोग गर्नु हुँदैन ।

५.६ व्यावसायिक स्वतन्त्रताको लागि जनआस्था तथा जनविश्वासको अभिवृद्धि गर्न सरकारी वकीलले उच्चस्तरको न्यायिक आचरण प्रदर्शन र प्रबर्धन गर्नुपर्छ।

५.७ मुद्दाका पक्ष वा विपक्ष वा अन्य कसैसँग आफ्नो स्वार्थको लागि पदीय मर्यादा विपरीत धाक, धम्की र त्रास फैलाउने कार्य गर्नु हुँदैन ।

५.८ कार्यसम्पादनको सिलसिलामा कुनै कार्य गर्न वा नगर्न अन्य सरकारी वकील वा कर्मचारीलाई हस्तक्षेप गर्न, अनुचित प्रभाव वा दवाव दिन हुदैन ।

तर, कानून बमोजिम अख्तियारवालाले आवश्यक निर्देशन र सुझाव दिन बाधा पर्ने छैन ।

**६. समानता र निष्पक्षता सम्बन्धी आचरणः** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम निष्पक्षता सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

६.१ पदीय कर्तव्यको पालना गर्दा कसै प्रति धर्म, वर्ण, लिङ्ग, जात, जाती, उत्पत्ति, भाषा, वैचारिक आस्था वा अन्य यस्तै कुनै पनि कुराका आधारमा भेदभाव गर्नु हुदैन ।

६.२ कर्तव्य पालना गर्दा मोलाहिजा नगरी र पक्षपात रहित रूपमा गर्नुपर्छ

६.३ सदैव आफूलाई न्याय र कानुनको पहरेदारको रूपमा स्थापित गरी कुनै पनि लोभ लालच वा प्रलोभनबाट मुक्त रही निष्पक्षताका साथ कार्य सम्पादन गर्नु पर्छ ।

६.४ सदैव राजनैतिक रूपमा तटस्थ भई आफ्नो भूमिका निर्वाह गर्नु पर्दछ । कुनै पनि राजनीतिक दलको सदस्यता प्राप्त गर्न वा राजनैतिक दलको पक्ष वा विपक्षमा अभिमत प्रकट गर्न हुँदैन ।

६.५ व्यक्तिगत वा क्षेत्रगतस्वार्थ वा सार्वजनिक वा प्रेस जगतको दवाबबाट प्रभावित हुनु हुँदैन ।

६.६ बदि्नयतपूर्वक तथ्य वा प्रमाणलाई बङ्ग्याउन, अदालतमा प्रस्तुत गर्न, कायम नरहेको नजिर पेश गर्न वा मुद्दामा लागू नहुने, खारेज वा संशोधन भएको कानुनको जिकिर लिन हुँदैन ।

६.७ गैरकानुनी रूपमा काम गर्नेउपर उचित कारबाही गराउन उद्यत हुनुपर्छ ।

Office of the Attorney General, Nepal

६.८ समाज, पीडित एवं अभियुक्तलाई निष्पक्ष रूपमा न्याय प्राप्त होस् भन्ने ध्येय राखी कार्य सम्पादन गर्नु पर्दछ र सदैव सत्यको खोजी गर्ने एवं सत्यता प्राप्त गराउने कार्यमा अदालतलाई मद्दत गर्नु पर्छ । स्वच्छ सुनुवाइको प्रत्याभूतिका लागि प्रयत्नशील हुनु पर्छ ।

६.९ आफूले गर्ने कार्यमा असर पर्ने गरी वा स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी जानाजान कुनै प्रकारको टीकाटिप्पणी गर्न वा स्वच्छ सुनुवाइमा असर पर्ने गरी सार्वजनिक वा अन्य रूपमा कुनै अभिव्यक्ति दिनु हुंदैन ।

६.१० कुनै पनि व्यक्ति उपर जातजाति, वर्ण, लिङ्ग, धर्म, फरक क्षमता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, सामाजिक तथा आर्थिक अवस्था वा अन्य त्यस्तै कुनै आधारमा असमान व्यवहार नगरी निष्पक्षता कायम गर्नु पर्दछ । महिला, बालबालिका, पीडित एवं निजका परिवारसँग सम्बन्धित विषयमा गम्भीर, सजग र संवेदनशील भई कार्य गर्नु पर्दछ ।

६.११ आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्बद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित विचार पुऱ्याउनु पर्दछ ।

६.१२ कुनै पनि व्यक्ति वा समूह, मुद्दाका पक्ष, साक्षी, कानुन व्यवसायी, अदालतका कर्मचारी तथा न्यायाधीशप्रति कर्तव्यपालनसँग सरोकार नरहेका कुनै अप्रासंगिक कुरा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट कुनै प्रकारको पक्षपात वा पूर्वाग्रह वा भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन ।

६.१३ विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा सामाजिक सद्भाव खलबलिने वा उनीहरूको आत्मसम्मानमा ठेस लाग्ने कुनै काम गर्नु हुँदैन ।

६.१४ आफूले सम्पादन गर्ने कार्यमा असर पर्ने गरी वा अनुसन्धान, अभियोजन वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा आँच आउने गरी कुनै पनि विषयमा सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन ।

६.१५ आफू वा आफू निकट व्यक्तिसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन अन्य कुनै निकायका पदाधिकारी वा कर्मचारीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दवाव दिन वा अनुचित प्रभाव पार्न वा प्रभाव पार्न लगाउनु हुदैन ।

६.१६ सेवाबाट अवकास भएको एक वर्षसम्म आफू सेवामा रहँदा सम्बन्ध/सरोकार रहेका व्यक्ति कम्पनी, संस्था वा कुनै फर्मका मुद्दामा कानून व्यवसाय सम्बन्धी कार्य गर्नु हुँदैन।

Office of the Attorney General, Nepal

**७. सहयोगात्मक आचरणः** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम सहयोगात्मक आचरण पालन गर्नु पर्नेछः

७.१ आफ्नो पदीय कर्तव्य निर्वाहको क्रममा निष्पक्षता र प्रभावकारिताका लागि प्रहरी, अदालत, कानुन व्यवसायी तथा सरकारी एवं सार्वजनिक संस्थालाई सहयोग गर्नुपर्छ।

७.२ आफ्नो व्यवहार सदैव लैङ्गिगमैत्री एवम् पीडितमैत्री हुनु पर्दछ र कमजोर वर्गप्रति विशेष संवदेनशील रहनु पर्छ । अपराध पीडितलाई आवश्यक सहयोग गर्न क्रियाशील हुनु पर्दछ।

७.३ कार्य सम्पादनका क्रममा सरोकारवालाहरूसँग समन्वय कायम गर्ने प्रयत्न गर्नु पर्छ ।

**८. अनुशासन र सदाचार सम्बन्धी आचरणः** सरकारी वकील तथा कर्मचारीले देहाय बमोजिम सदाचार सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

८.१ सरकारी वकील तथा कर्मचारीका हरेक क्रियाकलाप ईमान्दारिता, सदाचारिता र सदचरित्रपूर्ण हुनु पर्दछ । सदाचार विपरीतका कार्य गर्नबाट अलग रहनु पर्छ ।

८.२ आफ्नो कार्य सम्पादनका क्रममा बहस पैरबी गर्ने कानुन व्यवसायीहरू र अन्य सरोकारवाला व्यक्तिसँगको व्यक्तिगत सम्बन्ध र सम्पर्कको कारणबाट पक्षपात वा मोलाहिजा गरिएको छ कि भनी आशंका हुने स्थितिबाट अलग रहनु पर्दछ ।

८.३ आफ्नो परिवारका कुनै सदस्यले कानुन व्यवसायीको रूपमा प्रतिनिधित्व गरेको वा अन्य कुनै किसिमले संलग्न रहेको मुद्दा तथा मुद्दा सम्बन्धी कुनै काममा सहभागी हुनु हुँदैन ।

८.४ आफूले प्रयोग गरिआएको आवासमा कसैलाई कानुन व्यवसाय सञ्चालन गर्न वा विवादका पक्षहरूसँग भेटघाट गर्न दिनु हुँदैन ।

८.५ सरकारी वकील तथा कर्मचारीले अन्य नागरिक सरह विचार र अभिव्यक्तिको स्वतन्त्रता वा कुनै संघ संस्था खोल्ने वा सदस्य हुने वा भेला हुने अधिकार राख्दछ । तर त्यस्तो अधिकारको प्रयोग गर्दा आफ्नो पदको गरिमा, स्वतन्त्रता एवं निष्पक्षता जोगाई राख्ने गरी गर्नु पर्दछ ।

८.६ आफ्नो व्यक्तिगत वा आफूलाई कानुन बमोजिम प्राप्त हुने आर्थिक लाभ वा स्वार्थबारे जानकारी राख्नु पर्दछ । साथै आफ्नो परिवारका सदस्यहरूको आर्थिक कारोवार एवं स्वार्थबारे जानकारी राख्ने उचित प्रयास गर्नु पर्दछ

Office of the Attorney General, Nepal

८.७ आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूलाई आफूले सम्पादन गर्ने न्यायिक कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनु हुँदैन ।

८.८ आफ्नो वा आफ्नोपरिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुँदैन ।

८.९ होटल,रेष्टुराँ तथा अन्य सार्वजनिक स्थलहरुमा अमर्यादित व्यवहार गर्नु हुदैन । साथै विवाह, ब्रतबन्ध, पूजाआजा जस्ता सामाजिक कार्यहरु गर्दा भड्किलो तरिकाले खर्च गर्नु हुदैन।

८.१० कानून बमोजिम सार्वजनिक निकाय वा संस्थालाई आफू वा आफ्नो परिवारले फर्छ्यौट गर्नुपर्ने वा बुझाउनुपर्ने रकम, दण्ड जरिवाना वा महसूल तोकिएको समय मै बुझाउनु पर्दछ ।

८.१३ सदैव पेशागत निष्ठाका साथ कार्य सम्पादन गर्नु पर्छ र सरोकारवालालाई त्यसको अनुभूति दिलाउन प्रयत्न गर्नु पर्छ ।

८.१४ कार्यस्थलमा यौनहिंसा नहुने वातावरणको सिर्जना गर्नु पर्दछ र अरू सवै कर्मचारीप्रति समेत उनीहरूको भावनाको कदर गर्नु र संवेदनशील बन्नु पर्छ ।

८.१५ मुद्दाका पक्षहरूसँग मुद्दा अन्तिम टुङ्गो नलागेसम्म निजहरूले आयोजना गरेको निजी भोज भतेरमा जानु हुँदैन ।

८.१६ इजलासमा उपस्थित हुँदा तथा कार्यालयमा रहँदा निर्धारित पोशाक र कार्यालयवाट उपलब्ध गराइएको परिचयपत्र अनिवार्य रुपमा लगाउनु पर्छ ।

८.१७ कार्यालयका सवारी साधन वा अन्य यन्त्र, उपकरणहरु विवेकपूर्ण र मितव्ययी रुपमा उपयोग गर्नु पर्दछ । साथै कार्यकक्षमा प्रयोग गरिने बिद्युतीय सामानहरु प्रयोगमा नआएको अवस्थामा बन्द गर्नु पर्दछ ।

**९. क्षमता विकास सम्बन्धी आचरणः** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम क्षमता विकास सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

९.१ सदैव अध्ययनशील रही आफ्नो व्यावसायिक व्यक्तित्व स्थापित गर्नु पर्छ । सरकारी वकीलले आफ्नो व्यावसायिक स्तरलाई सदैव कायम र विकास गर्न नियमित अध्ययन गर्नु पर्छ ।

९.२ संविधान, कानुन र न्यायका मान्य सिद्धान्त अनुरूप न्याय र कानुनका क्षेत्रमा विकसित नवीनतम् अवधारणासँग सदैव परिचित र अद्यावधिक रही त्यसको परिपालना गर्न प्रतिबद्ध रहनु पर्दछ ।

Office of the Attorney General, Nepal

९.३ न्यायका सरोकारवालाबाट माग हुने गरेको विशेषज्ञयुक्त सेवा प्रदान गरी न्यायपूर्ण समाजको स्थापना र विकास गर्न अध्ययनशील हुनु पर्दछ र उच्च मनोबल र सकारात्मक सोचका साथ कार्य गर्नु पर्दछ ।

**१०. सूचनाको गोपनीयता र सूचना प्रविधि सम्बन्धी आचरणः** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम सूचनाको गोपनीयता र सूचना प्रविधिको प्रयोग सम्बन्धी आचरणको पालना गर्नु पर्दछः

१०.१ कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपवाट प्रकाश वा प्रकट गर्न वा आफू वा अरू कसैको फाइदाको लागि प्रयोग गर्नु/गराउनु हुदैन।

तर, कार्यालयको काममा बाधा नपुग्ने गरी सूचनाको हक सम्बन्धी प्रचलित कानून बमोजिम माग भएको सूचना सरोकारवालालाई उपलब्ध गराउन बाधा पर्ने छैन ।

१०.२ अख्तियार प्राप्त अधिकारी बाहेक अन्य कसैले कार्यालयको काम कारबाही वा सो संग सम्बन्धित कुनै पनि सूचना सञ्चार माध्यमबाट सम्प्रेषण गर्नु हुदैन ।

१०.३ अख्तियार प्राप्त अधिकारी (प्रवक्ता वा सूचना अधिकारी) ले पनि माथी प्रकरण १०.२ बमोजिम सूचना संप्रेषण गर्दा व्यक्तिगत धारणा नभई तथ्यगत आधारमा गर्नुपर्दछ ।

१०.४ आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएको कुनै सूचनाको प्रयोग जुन प्रयोजनको लागि सृजना वा प्राप्त भएको हो, सो बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्नु हुदैन ।

१०.५ कार्यालयको मर्यादा वा प्रतिष्ठामा आँच आउने वा अरू कसैको व्यक्तिगत चरित्र वा प्रतिष्ठामा आधात पुग्ने गरी कुनै कुरा/चित्र सञ्चार माध्यम वा सामाजिक सञ्जालमा राख्न, दिन, छपाउन, टिप्पणी वा व्यक्त गर्नु हुदैन ।

तर, कार्यालय वा व्यवसायको मर्यादा वढाउने गरी कार्यालयवाट सार्वजनिक भैसकेको कुनै सूचना वा सन्देश सञ्चार माध्यम वा सामाजिक सञ्चालनवाट सम्प्रेषण गर्न बाधा पर्ने छैन ।

१०.६ कार्यालयवाट निर्माण गरी प्रचलनमा ल्याइएका सूचना प्रविधिसंग सम्बन्धित सफ्टवेयरको प्रभावकारी प्रयोग/उपयोगको लागि अग्रसर भई आफू सुचना प्रविधिमैत्री वनी अरूलाई समेत यसका लागि उत्प्रेरित गर्नु पर्दछ ।

Office of the Attorney General, Nepal

## परिच्छेद–तीन
## विविध

### ११. आचार संहिताको व्याख्याः

११.१ यस आचार संहिताको कार्यन्वयन गर्दा कुनै द्विबिधा वा विवाद उत्पन्न भएमा महान्यायाधिवक्ताले व्याख्या गरी त्यस्तो द्विबिधालाई स्पष्ट गर्नेछन् र महान्यायाधिवक्ताले गरेको त्यस्तो व्याख्या अन्तिम हुनेछ ।

११.२ यस आचार संहितालाई महान्यायाधिवक्ताले आवश्यकता अनुसार संशोधन र परिमार्जन गर्न सक्नेछन् ।

११.३ यस आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ, तर यस आचार संहिताको व्यवस्था प्रचलित कानूनसंग बाझिएमा प्रचलित कानूनकै व्यवस्था लागू हुनेछ ।

### १२. अनुगमन र कारवाही सम्बन्धी व्यवस्थाः

१२.१ यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा सरकारी वकीलको प्रचलित कानुन बमोजिमको सुपरिवेक्षकले नियमित अनुगमन गर्नु पर्नेछ ।

१२.२ उपदफा १ बमोजिम सुपरिवेक्षकले गरेको अनुगमनबाट आचार संहिताको उल्लंघन गरेको देखिएमा सोको जानकारी सहितको प्रतिवेदन महान्यायाधिवक्ता समक्ष पेश गर्नु पर्नेछ ।

१२.३ आचार संहिताको उल्लघंन गरेकोले कारबाही गरी पाउँ भनी सरकारी वकील उपर महान्यायाधिवक्ता समक्ष उजुरी गर्न सकिने छ । त्यस्तो उजुरी परेमा सात दिन भित्र छानबीन गराई टुंगो लगाइनेछ ।

१२.४ उपदफा २ बमोजिम प्रतिवेदन प्राप्त भएमा वा उपदफा ३ बमोजिम छानबीनबाट आचार संहिता पालना नभएको देखिएमा आचरण पालना नगर्ने सरकारी वकीललाई उल्लंघनको मात्रा अनुसार निज उपर प्रचलित कानुन बमोजिम विभागीय कारबाही गरी सोको अभिलेख राखिनेछ ।

**१३. खारेजी र बचाउः** सरकारी वकीलहरूको आचार संहिता, २०७३ खारेज गरिएको छ। यस अघिका आचार संहिता बमोजिम भए गरेका काम कारवाही यसै आचार संहिता बमोजिम भए गरेको मानिनेछ ।

Office of the Attorney General, Nepal